- **B.Sc. CSIT को प्रवेश परीक्षाका लागि फाराम कसरी भर्ने ?**

  सर्वप्रथम विज्ञान तथा प्रविधि अध्ययन संस्थानले प्रकाशित गरेको https://www.tuiost.edu.np/storage/notice/entrance78530.pdf सूचनामा गई आफ्नो eligibility criteria चेक गरी आवश्यक शुल्क तिरी http://entrance.tuiost.edu.np/ मा गएर Online फाराम भर्नुपर्छ ।

- **B.Sc. CSIT को प्रवेश परीक्षाका लागि शुल्क कसरी तिर्ने ?**

  सर्वप्रथम GLOBLE IME Bank Ltd का कुनैपनि शाखामा गएर B.Sc. CSIT Entrance Examination Fee लेखिएको विशेष खालको भौचर भरी अथवा http://entrance.tuiost.edu.np/ मा गएर e-Banking/eSewa Payment मा गएर तोकिएको शुल्क तिर्नुपर्छ । अनलाइन पेमेन्ट गर्दा http://entrance.tuiost.edu.np/ मा नै गएर गर्नुपर्छ अन्यथा सिस्टमले यसलाई recognize नगर्न सक्छ । रकम तिर्दा प्रयोग गरिएको मोबाइल नं. तथा भौचर नं पछिसम्म सुरक्षित राख्नुहोला ।

- **Invalid Voucher no / contact no भन्छ के गर्ने ?**

  पहिले त तपाईँले शुल्क बुझाउँदा भरेको मोबाइल नं. र भौचरको नं. ठीक छ कि छैन चेक गर्नुहोला । सबै ठीक भएको भए पनि कहिलेकाहीँ भौचर भरेकै दिन सिस्टमले नलिन सक्छ । यस्तो अवस्थामा अर्को दिनमा प्रयास गर्नुहोला । यति गर्दा पनि नभएमा bsc@iost.tu.edu.np मा मेल गर्नुहोला । वेबपेज भन्दा बाहिरबाट अनलाइन पेमेन्ट गरेको भएमा भने Invalid नै हुन्छ ।

- **ट्रान्सक्रिप्ट निकाल्न समय लाग्ने भयो के गर्ने ?**

  तपाईँले आफ्ना सबै मार्कसिटको सिङ्गल pdf बनाएर सबमिट गर्न सक्नुहुन्छ तर **eligibility criteria** भने पूरा भएको हुनुपर्छ ।

- ग्रेड वृद्धिका लागि परीक्षा दिएको छु । रिजल्ट भएको छैन । मैले B.Sc. CSIT को प्रवेश परीक्षाको फाराम भर्न पाउँछु ?

  फाराम भर्न त मिल्छ तर प्रवेश परीक्षा हुनुभन्दा अगाडि रिजल्ट हुनुपर्छ ।

- नेपाल बाहिरबाट +२ वा सो सरहको तह उत्तीर्ण गरेकाले B.Sc. CSIT को प्रवेश परीक्षाको फाराम भर्न के गर्नुपर्छ ।

  नेपाल बाहिरबाट +२ वा सो सरहको तह उत्तीर्ण गरेकाले B.Sc. CSIT को प्रवेश परीक्षाको फाराम भर्न पाइन्छ । यसका लागि नेपालको राष्ट्रिय परीक्षा बोर्डले प्रदान गरेको समकक्षताको प्रमाणपत्र पनि पेस गर्नुपर्छ ।

- मैले फाराम भरिसकेँ । मेरो फाराम approve भए नभएको कसरी थाहा पाउने ?

  http://entrance.tuiost.edu.np/ मा गएर check your status / Print Your Admit Card Bottom मा click गरी आवश्यक विवरण भरी आफ्नो फारामको अवस्था थाहा पाउन सकिन्छ । आफ्नो डकुमेन्ट पुगे नपुगेको जानकारी पनि यहीँबाट पाइन्छ ।